


# सबै गैरसरकारी संस्था करमा दर्ता अनिवार्य

बन्ध: अर्थ

Bitdefender Antivirus Plus 2012

काठमाडौं, २५ असोज - सामाजिक तथा परोपकारी काम गर्नेसमेत सबै राष्ट्रिय÷अन्तर्राष्ट्रिय गैरसरकारी संघ–संस्था (एनजीओ÷आईएनजीओ) अनिवार्य रूपमा करमा दर्ता हुनुपर्ने आन्तरिक राजस्व विभागले जनाएको छ । सामाजिक, धार्मिक, शैक्षिक तथा परोपकारी गैरनाफामूलक संघ–संस्थाले कर नलाग्ने तर्क गर्दै करमा दर्ता नभएको भन्दै विभागले गैरनाफामूलक र परोपकारी काम गर्ने संस्थाहरूलाई करछुटको प्रमाणपत्रसम्बन्धी व्यवस्था रहेको स्पष्ट पार्दै करमा अनिवार्य दर्ता हुन आग्रह गरेको छ ।

करछुटको प्रमाणपत्र लिएका संस्थाले आयआर्जनको काम गरेमा अनिवार्य कर तिर्नुपर्ने भन्दै विभागका महानिर्देशक टंकमणी शर्माले करमा दर्ता हुनैपर्ने बताए । "कुनै पनि संस्थाले आयआर्जनको काम गरेको छ भने कर तिर्नैपर्छ," उनले भने ।

गैरसरकारी संघ–संस्थाहरूले कर राजस्वमा वार्षिक झन्डै ६३ करोड रुपैयाँको योगदान गर्दै आएका छन् । यीमध्ये केही भ्याटमा पनि दर्ता छन् । विभागका अनुसार २४ हजार ४ सय २७ गैरसरकारी संस्था करमा दर्ता रहेकोमा ७ सय ७६ मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता छन् । त्यस्तै, गैरसरकारी संस्था २ सय ९१ करमा र ११ भ्याटमा दर्ता छन् ।

"सामाजिक, धार्मिक, शैक्षिक तथा परोपकारी गैरनाफामूलक संघ–संस्थाको हकमा दान, उपहार र सदस्यता शुल्कमा मात्र कर लाग्दैन," विभागका उपमहानिर्देशक मधुकुमार मरासिनीले भने, "ठेक्कापट्टा, कन्सल्टेन्सी या अन्य कुनै काम गरेर आयआर्जन गर्छ भने कर तिर्नैपर्छ ।"

पूर्वप्रशासकहरू आबद्ध एक गैरसरकारी संस्थामा केही समयअघि यस्तै समस्या देखिएको थियो । सो संस्थाले सामान्य प्रशासन मन्त्रालयको कन्सल्टेन्सी गरेको जानकारी आएपछि विभागले त्यो संस्थालाई करको दायरामा ल्याएको थियो ।

विभागले चालू आवलाई कर सुधार वर्ष घोषणा गरी कर सुधारका क्षेत्रमा काम गरिरहेको छ । यस वर्ष १ लाख परिवारलाई करका सम्बन्धमा जनचेतना जगाउने उद्देश्य रहेको विभागले जनाएको छ ।

विभागले राष्ट्रिय÷अन्तर्राष्ट्रिय गैरसरकारी संघ–संस्थाका प्रतिनिधिसँग करसम्बन्धी विषयहरूमा अन्तक्रिया गरी करछुट, दर्ता तथा कर फिर्ताजस्ता विषयमा प्रस्ट पारेको छ । अन्तक्रियामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो ।

**Share**

2

## प्रतिकृया

कुनै पनि प्रतिक्रिया छैन ।

## प्रतिक्रिया दिनुहोला

पूरा नाम:

ईमेल:

वेबसाइट:

तपाइको प्रतिकृया:

## सम्बन्धित समाचार

- खाद्य सुरक्षाका लागि 'कृषि–जैविक विविधता प्रवद्र्धन आवश्यक'
- औषधि कम्पनी दर्ता छन्, सञ्चालनमा छैनन्
- नेपालमा बढ्दो 'पुष्प–संस्कृति'
- इन्जिनियरिङ कलेजमा एडीबीले ३ अर्ब लगानी गर्ने
- सबै गैरसरकारी संस्था करमा दर्ता अनिवार्य

## कारोबार संवाददाता का अन्य लेखहरू

- नि:शुल्क टिकट र भिसाको नाउमा महिलालाई यातना
- एभरेस्टद्वारा ७० करोडको ऋणपत्र निष्कासन तयारी

## परिसूचक | विनिमय

### नेप्से परिसूचक

| | | |
|---|---|---|
| नेप्से | 424.43 | + 0 |
| सेन्सेटिभ | 109.03 | + 0 |
| फ्लोट | 30.33 | + 0 |

| | |
|---|---|
| कारोबार रकम | 156851104 |
| सेयर संख्या | 1.27557e+06 |
| कारोबार संख्या | 1229 |

### सुनचांदी बजार

| | |
|---|---|
| सुन छापावाल | 51140 |
| सुन तेजाबी | 50925 |
| चांदी | 1012 |

2012-10-14 मितिका अनुसार

## खरोबार - रवि मिश्र




न त हत्याको आरोप छ, न त मानवअधिकारको उलंघन नै गर्नु भा'छ ।वरिष्ठ हुँदैमा कसरी प्रमोसन हुन्छ? त्यसै फन्किने ??

## धेरैले पढेको | प्रतिक्रिया जनाएको

- अमेरिकामा नेपाली विद्यार्थीको दुर्दशा